# हार्दिक बधाई



२०७७ चैत्र २५ गते/अप्रिल ०७ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **प्रज्वल श्रेष्ठ** र सुश्री **सृष्टि प्रधान**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रज्वल** र **सृष्टि श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ वैशाख ५ गते/अप्रिल १८ तारिख, २०२१ आइतबार नेइम ललितपुर चर्चको सदस्य सुश्री **रोजिना बुढा मगर** र अर्चलबोट चर्च पोखराको सदस्य श्री **संजीव तिवारी**को नेइम ललितपुर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **संजीव** र **रोजिना तिवारी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ वैशाख ५ गते/अप्रिल १८ तारिख, २०२१ आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **सानु मैया नगरकोटी** र नेपाल बाइबल चर्चको सदस्य श्री **सन्तोष आले मगर**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सन्तोष** र **सानुमैया आले मगर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ वैशाख ६ गते/अप्रिल १९ तारिख, २०२१ सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **सूर्य बहादुर तामाङ्ग** र इम्मानुएल चर्च भक्तपुरको सदस्य सुश्री **अन्जना तामाङ्ग**को इम्मानुएल चर्च भक्तपुरमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सूर्य बहादुर** र **अन्जना तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ वैशाख ०९ गते/अप्रिल २२ तारिख, २०२१ बिहीबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **रञ्जन सिंह** र बिलिभर्स स्टन चर्च मैनापोखरी, दोलखाको सदस्य सुश्री **लक्ष्मी मंग्राती**को बिलिभर्स स्टन चर्च मैनापोखरी, दोलखामा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रञ्जन** र **लक्ष्मी सिंह**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ वैशाख १२ गते/अप्रिल २५ तारिख, २०२१ आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **एस्तर श्रेष्ठ** र अनन्त जीवन चर्चको सदस्य श्री **प्रज्वल महर्जन**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रज्वल** र **एस्तर महर्जन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ वैशाख १५ गते/अप्रिल २८ तारिख, २०२१ बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **एलिशा शेर्पा** र नेइम ललितपुर चर्चको सदस्य श्री **समिर कपाली**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **समिर** र **एलिशा कपाली**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७८ वैशाख १५ गते/अप्रिल २८ तारिख, २०२१ आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री **उषा के.सी.** र क्रस वे चर्च, एकान्तकुनाको सदस्य श्री **प्रतिक पोखरेल**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रतिक** र **उषा पोखरेल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष् प्रार्थना

१. सारा विश्वभरि तीव्र रूपमा फैलिरहेको कोराना भाइरसको कारण मानिसहरू डर, त्रास र बिचलित नभएको होस् । यस्तो समयमा एक मात्र जिउँदो र सत्य परमेश्वरमा भर पर्न सकेको होस् ।

२. कोरोना भाइरसको कारण बिरामी हुनुभएकाहरूको चंगाईको लागि प्रार्थना गरिदिऔं । मानिसहरूमा रोगसँग लड्ने क्षमता बढेको होस् ।

३. कोरोना भाइरसको कारण मृत्यु भएकाहरूको शोकित परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

४. मानिसहरूको बीचमा रहेर सेवा गर्नुहुनेहरू डाक्टर, नर्स, पुलिस आर्मीहरू साथै स्वयं सेवकहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।

## जानकारी



सानेपा बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्री पी.बी. (पूर्वमान) राई ९५ वर्षको उमेरमा २०७७ चैत्र २९ गते/अप्रिल ११ तारिख २०२१, आइतबार प्रभुमा सुत्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| | १९ 2 | २६ 9 | १ 16 | ८ 23 | १५ 30 |
| **आइतबार** Sunday | देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं । भजनसंग्रह ३७:१-११, | नेइमअन्तर्गत विभिन्न शाखा आवद्ध मण्डलीहरूमा वचनको सेवकाइ गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं । भजनसंग्रह १०७:९ | विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् । १ तिमोथी २:१-५ | सबै अगुवा गुरुजनहरू र उहाँहरूको परिवारको निम्ति परमेश्वरबाटको सुरक्षा मागिदिऔं । भजनसंग्रह १२५:१-२ | नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् । रोमी ४:२५ |
| | २० 3 | २७ 10 | २ 17 | ९ 24 | १६ 31 |
| **सोमबार** Monday | सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं । २ तिमोथी ४:१-५ | अधुरो परिवारमा हुनुभएकाहरू सबै अवस्थामा परमेश्वरमा स्थिर रहन सकून् । भजनसंग्रह १२१:१-८ | मण्डली परिवार सधैं एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं । यूहन्ना १३:३४-३५ | इस्राएल देशका यहूदी जातिहरूको लागि प्रार्थना गरिदिऔं । आमोस ९:१३-१५ | संसारका देवहरूले बन्द बनाएका मानिसहरूको समक्ष खोलिएको होस् भनी प्रार्थना गरौं । २ कोरिन्थी ४:४, १०:३-५ |
| | २१ 4 | २८ 11 | ३ 18 | १० 25 | १७ June 1 |
| **मंगलबार** Tuesday | मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् । प्रेरित २०:२८-३२ | मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रहन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् । रोमी ८:३७-३९ | प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी-हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् । १ थेसलोनिकी २:१०-१२ | परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् । प्रस्थान ३३:१३-१७ | वर्तमान समयमा मण्डलीको जीवनमा जागृति, चंगाई, छुट्कारा, आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं । यशैया ३५:३-७, १ कोरिन्थी २:९ |
| | २२ 5 | २९ 12 | ४ 19 | ११ 26 | १८ 2 |
| **बुधबार** Wednesday | हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं । हिब्रू ५:११-१४ | अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् । प्रेरित १६:३१-३२ | मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं । यूहन्ना २०:२१-२३ | मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् । गन्ती ६:२४-२६ | सबै विश्वासीहरू जीवनका सबै क्षेत्रमा परमेश्वरको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं । फिलिप्पी २:१२-१७ |
| | २३ 6 | ३० 13 | ५ 20 | १२ 27 | १९ 3 |
| **बिहीबार** Thursday | प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं । २ कोरिन्थी १२:८-१० | हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं । गलाती ५:२२-२५ | परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमानदार भइरहन सकौं । २ कोरिन्थी ८:१-७ | मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् । मर्कूस १४:३२-४१ | मण्डलीका प्रत्येक परिवारले परमेश्वरलाई आफ्नो परिवारमा सधैं पहिलो स्थान दिन सकून् र पारिवारिक वेदी कहिल्यै ननिभेको होस् । प्रेरित १०:१-२ |
| | २४ 7 | ३१ 14 | ६ 21 | १३ 28 | २० 4 |
| **शुक्रबार** Friday | हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं । यर्मिया १७:८ | मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् । भजनसंग्रह १९:७-११ | मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरू, जवान, र बालबालिकाहरूको लागि प्रार्थना गरिदिऔं । भजनसंग्रह २३:१-६ | मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस् । रोमी १४:१९ | परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं । मत्ती ५:६, कलस्सी २:६-७ |
| | २५ 8 | १ जेष्ठ 15 | ७ 22 | १४ 29 | २१ 5 |
| **शनिबार** Saturday | मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं । भजनसंग्रह २५:४-५ | शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् । फिलिप्पी ३:१२-१६ | सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् । २ कोरिन्थी ३:१६-१८ | बाल संगतिका बालबालिका-हरू र शिक्षक/ शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं । मर्कूस १०:१३-१६ | मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं । भजनसंग्रह १४७:१-२० |

**हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु**
**हाम्रा परमेश्वर हाम्रो नजीक हुनुभएझैं ईश्वर यति नजीक भएको**
**अरू कुनचाहिँ यति महान् जाति छ ?**

**(व्यवस्था ४:७)**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नंः ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,